# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
### केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

२० माघ, २०७८

### मन्त्री यादवलाई उत्तेजनापूर्ण अभिव्यक्ति नदिन आग्रह

गत माघ ५ गते समाजवादी युवा संघले रौतहटको गौरमा आयोजना गरेको सभामा नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादवले दिएको अभिव्यक्ति एवम् यसबाट सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनाको विषयलाई लिएर आयोगले आज मन्त्री यादवलाई आयोगमा बोलाई जानकारी लिएको छ ।

जानकारी लिने क्रममा मन्त्री यादवले श्रद्धाञ्जली सभामा आफूले दिएको अभिव्यक्ति अनियन्त्रित र असन्तुलित हुन पुगे पनि कसैप्रति लक्षित र पूर्वाग्रही नरहेको, हिंसा तथा मुठभेड गर्ने आफ्नो मनसाय नरहेको र यस्ता अभिव्यक्ति आफूबाट भविष्यमा नदोहोरिनेमा सचेत रहेको जानकारी गराउनुभयो ।

आयोगका माननीय अध्यक्ष तथा सदस्यहरुले राज्यको मन्त्री जस्तो जिम्मेवार तहमा रहेको व्यक्तिले हिंसालाई बढावा दिने र सामाजिक सद्भावमा खलल् पुर्‍याउने खालका उत्तेजनापूर्ण र अनियन्त्रित अभिव्यक्ति दिन नहुने, राजनीतिक प्रतिस्पर्धालाई स्वस्थ र हिंसारहित बनाउनुपर्ने र भविष्यमा त्यस प्रकारका अभिव्यक्ति नदोहोर्‍याउन मन्त्री यादवलाई निर्देशन दिनुभयो ।

अभिव्यक्ति स्वतन्त्रता नागरिकको मौलिक अधिकार भए पनि त्यो अनियन्त्रित र सीमाविहिन हुन नसक्ने, आफ्नो अधिकारको प्रयोग गर्दा अरुको मर्यादामा चोट् पुग्न सक्नेतर्फ सचेत रहनुपर्ने र जिम्मेवार पदमा रहेका व्यक्तिहरुले अभिव्यक्ति दिँदा मानव अधिकारको मूल्य मान्यतालाई आत्मसात् गर्दै सामाजिक सद्भाव, शान्ति सुरक्षा र अमन चयन खल्बलिने खालका अभिव्यक्ति भविष्यमा नदिन आयोगले मन्त्री यादवलाई आग्रह गरेको छ ।

..........................

डा. टीकाराम पोखरेल

प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org